‘सीपलाई व्यवहारमा उतारे स्वरोजगार भइन्छ’-थाहानगर प्रमुख विष्ट । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट ‘क’ वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१५, अंक-४५ ● २०८० जेठ ०८ गते सोमबार, ● 22 May, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहाका उपप्रमुखले आफ्नो भत्ताबाट दिए दुई विद्यार्थीलाई छात्रवृत्ति



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपालीले विभिन्न कार्यक्रममा सहभागी भए वापतको भत्ता विद्यार्थीको पढाइका लागि हस्तान्तरण गरेका छन् । उपप्रमुख गोपालीले आफ्नै कार्यकक्षमा खुत्रुकेमा जम्मा गरेको ७ हजार ८ सय रूपैयाँ अध्ययनका लागि प्रदान गरेका हुन् ।

उपप्रमुख पदमा सपथ लिएको एकवर्ष पुगेको अवसर पारी ७ जेठमा गोपालीले जनकल्याण माविमा कक्षा ९ मा अध्यनरत समीर केसी र अमिर केसीलाई सहयोग गरेका हुन् । उनले केसी दाजुभाईका आमा उर्मिला केसीलाई छोराहरूको अध्ययनको लागि नगद हस्तान्तरण गरे । थाहा नगरपालिका वडा नम्बर ४ कि उर्मिला केसीका छोराहरू शैक्षिक सामाग्री अभावको कारण विद्यालय जान नसकिरहेको भन्ने थाहा पाएपछि आफुले दुई विद्यार्थीको शैक्षिक सामाग्री खरिद गर्नको निम्ति विद्यालयका प्रधानाध्यापकको रोहवरमा अभिभावकलाई नगद हस्तान्तरण गरेको उपप्रमुख गोपालीले बताए ।

नगद प्राप्त गरेपछि अभिभावक उर्मिला केसीले आफुले प्राप्त गरेको र कम आफ्ना दुई छोराहरूको शिक्षाको निम्ति खर्च गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले छोराहरूको पढाइका लागि सहयोग गर्ने उपप्रमुख गोपालीलाई धन्यवाद दिइन् । हस्तान्तरण कार्यक्रममा जनकल्याण माबिका प्रधानाध्यापक सानोभाई कार्कीले उपप्रमुखको यस कार्यले शैक्षिक सामाग्री अभावमा विद्यालय जानबाट बञ्चित विद्यार्थीलाई उर्जा मिलेको बताउदै कोहि पनि बालबालिका शिक्षाबाट बन्चित हुन नहुने बताए । कार्कीले समाजका अगुवाहरूको शिक्षामा अभिभावकत्व महत्वपूर्ण हुने बताए ।

उपप्रमुख गोपालीले १३ वर्षदेखि पालुङ जेसिजमा अक्षय कोष खडा गरी प्रत्येक वर्ष भरत रत्न छात्रवृत्ति प्रदान गर्दै आइरहेका छन् ।

## खानेपानी बोर्डको वार्षिक उत्सव

◆ विकास संवाददाता

हेटौंडा खानेपानी ब्यावस्थापन बोर्डको १० औ वार्षिकोत्सब ८ जेठमा भएको छ । बोर्ड स्थापना भएको दिनका अवसरमा बार्षिकोत्सव गरिएको हो । बार्षिकोत्सको उद्घाटन् हेटौंडा उपमहानगरपालिकाका मेयर मिना कुमारी लामाले गरिन् ।

कार्यक्रममा बोर्डको स्थापना कालमा काम गरेर सहयोग पुर्याउने तत्कालिन कार्यकारी निर्देशक तथा बागमती प्रदेशको खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालयका सचिव मोहन कुमार शाक्य, बोर्ड स्थापनाका लागि सहयोग पुर्याउने हेटौंडा उपमहानगरपालिकाका अधिकृतहरू जगन्नाथ सापकोटा र मनोज कुमार सुबेदीलाई बिशेष सम्मान गरिएको छ ।

त्यसैगरी खानेपानी बोर्डमा पानी उत्पादन, बितरण, फिल्डमा खटिने मिटर रिडर लगायतका क्षेत्रमा उत्कृष्ट काम गर्ने ११ जना कर्मचारीलाई नगद सहित सम्मान गरिएको छ ।

### उपभोक्ता आफैले जुटाए करोड भन्दा बढि श्रमदान

## टिष्टुङमा दुई खानेपानी आयोजना उद्घाटन

विकास संवाददाता
थाहानगर

एकाविहानै कुवामा पुग्नैपर्ने, नपुगे दिनभरी घरमा थोप्पो पानी हुँदैन थियो । रातभरी कुवामा जम्मा भएको पानी विहान भेला भएका महिलाहरू मग (पानी उभाउने भाँडो) ले भाग लगाउँथे । कसैको घरमा पाहुना आएको भए एक/दुई मग थपिदिन्थे । परिवार संख्या अनुसार पानीको बाँडफाँड हुन्थ्यो । वर्षौंसम्म खानेपानीको अभाव खेपेका मकवानपुर टिष्टुङ कुवापानीले धेरै पुस्ता फेर्यो । गाउँको नामै कुवापानी । गाउँमा प्रतिनीधि निर्वाचित भएर आएपछि खानेपानी घर घरमा पुर्याउने योजना बन्यो, उपभोक्ता उत्साहित भए । कुवापनीसंगै थाहा नगर पालिका वडा नम्बर ११ टिष्टुङकै कालोपानी ठाडोखोलामा पनि घरैपिच्छे शुद्ध खानेपानीसहित धारा पुर्याउने योजना थपियो ।



कुवापानीले अहिले मुहार फेरेको छ । मगले पानी भाग लगाउने दिनको अन्त्य भएको छ । निरन्तरको प्रयासपछि कुवापनी गाउँका २८ वटै घरमा धारा जडान भएको छ । धारामा नियमित पानी आउँछ, कुवापानीकी निरा घिसिङले भनिन् । ‘खानेपानी बोक्न जाँदा बालबालिकालाई समयमै खाना बनाउन नभ्याएर कतिपटक गाउँलेहरूले स्कूलसम्म पठाउन भ्याउँदैन थिए’ निराले पुराना दिन सम्झिइन् । खानेपानी लिनकै लागि जंगलमा रहेको कुवामा पुग्न कुवापानीबासीलाई डेढ घण्टासम्म लाग्थ्यो । थाहा नगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष दिनेश तामाङले भने-‘अन्नको भन्दा नि दुःख पानीको थियो, अहिले दुःख तोडियो नागरिकहरू खुशी छन् ।’ विकासका कामसंगै घरघरमा धारा पुर्याउँदा निकै खुशी लागेको वडाध्यक्ष तामाङले बताए । ‘नागरिकको लागि काम गर्ने हामी प्रतिनीधिलाई नागरिकको आवश्यकता पूरा गर्न पाउँदा खुशी लाग्ने रहेछ’-उनको प्रतिक्रिया थियो । विद्युतको सहायताले मुहानदेखि २२ सय मीटर माथि लिफ्टीङ गरी वस्ती भन्दा माथि निर्माण गरिएको पानीट्याङ्कीबाट अहिले कुवापानीबासीलाई खानेपानी वितरण भइरहेको छ । खानेपानी आयोजनाका लागि स्थानीय सरकारको मात्र लगानीले पुगेन । यसका लागि उपभोक्ताहरू कम्मर कसेर लागे । खानेपानीको अभाव टार्न २८ परिवारले ५३ लाख जुटाए । उनीहरू महिनौसम्म श्रमदानमा जुटेर यति धेरै लगानी गरेका हुन् ।

गाउँका लागि आएको योजनामा श्रमदान गर्दा योजनाको मायाँ पनि हुने र दीगोपना आउने भएपछि उपभोक्ताहरू उत्साहित भएको वडाध्यक्ष तामाङले सुनाए । कुवापानी खानेपानी आयोजनाका लागि थाहा नगरपालिकाले २० लाख, गैरसरकारी संस्था च्वाइस नेपालले २५ लाख लगानी गरेका छन् । बाँकी श्रमदानबाटै योजना निर्माण भएको हो । ‘आयोजनाको लागि अझै ८५ हजारजति अपुग छ’-वडाध्यक्ष तामाङले भने । उनले नपुग रकमको लागि स्रोत जुटाउन लागिपर्ने प्रतिवद्धता व्यक्त गरे । यस योजनामा ६/६ हजारको दुईवटा र एउटा १० हजार लिटरको गरी तीनवटा खानेपानी ट्याङ्की रहेका छन् ।



कुवापानीबासीका जस्तै खानेपानीका लागि अभाव झेलीरहेका थाहा नगरपालिका वडा नम्बर ११ टिष्टुङकै फलाँटे, भट्टीडाँडा, तल्लो देउराली, माथ्लो देउरालीलगायतका क्षेत्रका बासिन्दाहरूको पनि घरघरमा खानेपानी धारा जडान भएको छ । यि दुवै आयोजनाको विधिवत् रूपमा ३ जेठमा उद्घाटन भएको छ । थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले आयोजनाको उद्घाटन गरेका हुन् । ‘खानेपानी आयोजनामा टिष्टुङका उपभोक्ताको लगाव र लगानी उदाहरणीय छ, श्रमदानमा भएको उत्साह अतुलनीय छ’, नगर प्रमुख विष्टले भने । थाहा नगरपालिकाको विभिन्न किसिमका विकास र आयआर्जनको क्षेत्रमा समेत साँझेदारी गर्दै आएको च्वाइस नेपालको लगानी थाहानगरका लागि सहयोगी सावित भएको नगर प्रमुख विष्टले बताए । नागरिकसंग प्रत्येक्ष सरोकार राख्ने योजनामा पालिका साँझेदार बन्ने विष्टको भनाइ थियो । १ सय ६७ घरमा पानी पुर्याइएको यस योजनामा मुख्य ५० हजार लिटरसहितको ३ वटा पानीट्याङ्की रहेको छ । टिष्टुङको यस योजनामा एक घर, एक धारा अभियानलाई कार्यान्वयनमा ल्याइएको छ ।

कालोपानी ठाडोखोला खानेपानी आयोजनाका लागि थाहा नगरपालिकाको ४५ लाख लगानी छ । उक्त योजनाका लागि गैरसरकारी संस्था च्वाइस नेपालले

बाँकी पेज ६ मा



# सम्पादकीय

## खराब कर्जाको कारण खोजीको आवश्यकता

बैंक तथा वित्तीय संस्थाहरूले सार्वजनिक गरेको चालू आर्थिक वर्षको तेस्रो त्रैमासको वित्तीय विवरण सार्वजनिक भएको छ । यो विवरण हेर्ने हो भने बैंकिङ क्षेत्रमा निष्क्रिय कर्जा बढ्दै गएको देखाएको छ । आन्तरिक र बाह्य कारणले अर्थतन्त्रमा देखिएको शिथिलता, व्यवसाय र आम्दानीमा परेको प्रभाव, बढ्दो महंगी, उच्च ब्याजदरलगायतका कारण ऋणीले कर्जाको किस्ता तिर्नसक्ने क्षमतामा कमी आएको छ । यही कारण बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा अर्थात् खराब कर्जाको आँकडा बढेको छ । चालू आर्थिक वर्षको पहिलो त्रैमासमा वाणिज्य बैंकहरूको औसत खराब कर्जा एक दशमलव ८३ प्रतिशत थियो । दोस्रो त्रैमासमा यस्तो कर्जा बढेर दुई दशमलव ३५ प्रतिशत पुग्यो । तेस्रो त्रैमासमा झनै बढेर तीन दशमलव शून्य तीन प्रतिशत पुगेको छ । औसत निष्क्रिय कर्जा बढेकै कारण धेरै बैंकहरूको नाफा खुम्चिएको छ । विकास बैंकहरूको औसत खराब कर्जा तीन दशमलव छ प्रतिशतभन्दा माथि पुगेको छ । फाइनान्स कम्पनीहरूको खराब कर्जा छ दशमलव १३ प्रतिशत हाराहारी पुगेको छ । यसबाट वाणिज्य बैंकभन्दा विकास बैंक र फाइनान्स कम्पनीको खराब कर्जा उच्च छ । नेपालमा हाल २१ वटा वाणिज्य बैंकहरू सञ्चालनमा रहेका छन् । तीमध्ये चालू आर्थिक वर्षको तेस्रो त्रैमासमा तीनवटा वाणिज्य बैंकको खराब कर्जा चार प्रतिशतभन्दा माथि पुगेको छ ।

हिमालयन बैंक, कृषि विकास बैंक र नेपाल बैंकको खराब कर्जा चार प्रतिशत नाघेको हो । सिटिजन्स बैंक, कुमारी बैंक, ग्लोबल आईएमई बैंक, सिद्धार्थ बैंक, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, राष्ट्रिय वाणिज्य बैंक र नबिल बैंकको खराब कर्जा पनि करिब चार प्रतिशत हाराहारी छ । एभरेष्ट बैंक, स्ट्याण्डर्ड चार्टर्ड बैंक, एनआईसी एसिया र नेपाल एसबीआई बैंकको खराब कर्जा भने एक प्रतिशतभन्दा कम रहेको छ । बैंकहरूको खराब कर्जा बढ्दा त्यसको असर मुनाफामा पर्छ । तर वाणिज्य बैंकहरूको मुनाफा गत आर्थिक वर्षको तेस्रो त्रैमासको तुलनामा ११ दशमलव ६७ प्रतिशतले बढेको छ । खराब कर्जा बढेका कारण केही बैंकको नाफा घटे पनि कर्जा असुलीमा आक्रामक भएका कारण बैंकहरूको औसत नाफा बढेको देखिन्छ । वाणिज्य बैंकहरूले चैत मसान्तसम्म ४८ अर्ब ७० करोड ४९ लाख रुपैयाँ खुद मुनाफा कमाएका छन् । यो नाफा गत आर्थिक वर्षको तेस्रो त्रैमासमा भन्दा पाँच अर्ब नौ करोड ११ लाख रुपैयाँले बढी हो । गत आर्थिक वर्षको चैतमा बैंकहरूको नाफा ४३ अर्ब ६१ करोड ३८ लाख रुपैयाँ रहेको थियो । नेपाल राष्ट्र बैंकका अनुसार बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेप ५४ खर्ब ५३ अर्ब रुपैयाँ र कुल कर्जा ४८ खर्ब ४४ अर्ब रुपैयाँ पुगेको छ । यसमध्ये वाणिज्य बैंकहरूको निक्षेप ४८ खर्ब छ अर्ब रुपैयाँ र कर्जा प्रवाह ४२ खर्ब ९६ अर्ब रुपैयाँ रहेको छ । यस्तै विकास बैंक र फाइनान्स कम्पनीहरको कुल निक्षेप छ खर्ब ४६ अर्ब र कुल कर्जा पाँच खर्ब ४८ अर्ब रुपैयाँ पुगेको छ । बैंक तथा वित्तीय संस्थाको औसत निष्क्रिय कर्जा साढे तीन प्रतिशतभन्दा माथि पुगेको छ । जसले वित्तीय क्षेत्रमा खराब सङ्केत गरेको छ ।

खराब कर्जा बढ्दा वित्तीय क्षेत्रमा जोखिम बढ्छ । वित्तीय क्षेत्रमा सम्भावित जोखिम कम गर्न खराब कर्जा बढ्दै जानुको ठोस कारण पहिल्याउनुपर्छ । यसमा नियामक निकाय नेपाल राष्ट्र बैंक चनाखो बन्नुपर्ने बेला आएको छ । नाफाको लागि जे पनि गर्ने बैंकिङ क्षेत्रको नियतलाई केन्द्रीय बैंकले अंकुश लगाउन ढिलो भइसकेको छ, यसतर्फ ध्यान दिनू आवश्यकता छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# राजस्व परिचालनको प्रभावकारिता

अनुत्पादक खर्च कटौती गर्ने, पुँजीगत खर्चमा जोड दिने, वित्तीय क्षेत्रले पनि उत्पादनमूलक लगानीलाई प्रोत्साहन गर्ने तथा विप्रेषण आयलाई उद्यमशीलतासँग जोडन सके मुलुकको राजस्व परिचालन पनि दिगो हुन गई सार्वजनिक राजस्व परिचालन बलियो बन्न सक्छ ।

सुरज घिमिरे

संघीय वित्तीय प्रणालीलाई सबलीकरण गर्न, सार्वजनिक खर्चको बढ्दो आवश्यकता पूरा गर्न र वैदेशिक सहायतामाथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालन महत्त्वपूर्ण हुन्छ, जसका लागि राजस्वको भूमिका सर्वोपरि हुने गर्छ । अतः सबल, भरपर्दो र दिगो राजस्व प्रणालीले समग्र वित्त संरचनालाई सुदृढ बनाउन मद्दत गर्छ । राजस्व देशको आर्थिक एवम् सामाजिक क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्रोत हो ।

त्यसैले यसको प्रभावकारी परिचालनबाट मात्रै राज्यको प्रशासनिक तथा विकासात्मक कार्यहरू सहज ढंगबाट अगाडि बढाउन सकिन्छ । राजस्व र सरकारको खर्चबीच तालमेल मिल्नु जरूरी हुन्छ । मुलुकले शान्तिसुरक्षा, सार्वजनिक सेवाप्रवाह र पूर्वाधार विकासमा गर्नुपर्ने लगानीको अनुपातमा राजस्व संकलन हुन सकेन भने मुलुकको आर्थिक–सामाजिक विकासमा बाधा पुग्ने, प्रतिस्पर्धात्मक वातावरण र क्षमतामा ह्रास आउने तथा लगानीमैत्री वातावरणमा समेत प्रतिकूल असर पर्न जान्छ ।

आज जति पनि विकसित मुलुकको दर्जमा रहेका देशहरू छन्, ती सबै राजस्वको आन्तरिक स्रोतलाई तटस्थ, पारदर्शी र प्रभावकारी बनाउँदै आधुनिक विकासमा फड्को मार्न सफल भएका हुन् । पछिल्लो समय खर्चिलो प्रादेशिक संरचना, बढ्दो सामाजिक सुरक्षा रकम, पेन्सन खर्च, पूर्व उच्चपदस्थ व्यक्तिहरूलाई दिइने सुविधाले मुलुकको भार बढ्दै गएको देखिन्छ । त्यसैगरी न्यून उत्पादन, व्यावसायिक वातावरणको अभावजस्ता कारणले राजस्वको दायरा बढ्न सकेको छैन ।

त्यसैले मुलुकको बजेट घाटा बढ्दै गएको छ । सन् २०१६/१७ मा मुलुकको सार्वजनिक ऋण जिडिपीको २५ प्रतिशत थियो भने सन् २०१९/२० मा आइपुग्दा कुल गार्हस्थ्य उत्पादनको ४२.२ प्रतिशत पुगेको छ । चालू आर्थिक वर्षको नौ महिनाको तथ्यांक हेर्ने हो भने ६ खर्ब ८३ अर्ब ८० करोड राजस्व संकलन भएको छ । यो गत वर्षको सोही अवधिको तुलनामा १ खर्ब ५ अर्ब ४६ करोड कम हो ।

अर्थमन्त्रालयका अनुसार गत आवको चैत मसान्तसम्म ७ खर्ब ८९ अर्ब २६ करोड राजस्व संकलन भएको थियो । गत आवको भन्दा न्यून राजस्व संकलन भएको यो ५५ वर्षपछिको इतिहास मानिन्छ । राजस्व संकलनमा आएको यो गिरावट आर्थिक वर्ष २०२४/२५ यता पहिलो पटक देखिएको हो । राजस्व संकलनमा आएको गिरावटले राजस्वको स्रोत, दायरा, करको दरसम्बन्धी पुनरावलोकन गर्नुपर्ने कुराको संकेत गर्छ ।

साथै, आयातमा आधारित कर निर्भरतालाई क्रमशः उत्पादनसँग जोड्दै जानुपर्छ । यसो नगरे दीर्घकालमा रेमिटेन्स आयमा ह्रास आयो र यसको असर आयातमा पर्‍यो भने त्यसको प्रभाव राजस्व संकलनमा पर्न गई सार्वजनिक खर्च प्रवाहित हुन पुग्छ । त्यसैले यस विषयमा बेलैमा सचेत हुन आवश्यक छ । तथ्यांकगत रूपमा हेर्ने हो भने चालू आर्थिक वर्षको नौ महिनामा सरकारले ६ खर्ब ८३ अर्ब राजस्व संकलन गरेको छ । जबकि ७ खर्ब ६ अर्ब चालू खर्च गरेको छ । यसरी हेर्दा सरकारको राजस्व संकलन चालू खर्चभन्दा २३ अर्बले कमी हुन आउँछ ।

अर्थात् सरकारले संकलन गरेको राजस्वले चालू खर्चसमेत धान्न मुस्किल भएको छ । चालू वर्षको करिब १४ खर्ब ३ अर्बको राजस्व लक्ष्यलाई हेर्ने हो भने नौ महिनाको समयमा ४७.७६ प्रतिशत मात्र राजस्व संकलन हुन सकेको छ । यसको अर्थ अबको तीन महिनामा साढे ७ खर्ब अर्थात् हालसम्म संकलन गरेको रकमभन्दा पनि बढी राजस्व संकलन गर्नुपर्ने स्थिति छ । यसरी हेर्दा चालू खर्चका लागिसमेत आवश्यक रकम आन्तरिक राजस्व परिचालनमार्फत जोहो गर्न सक्ने अवस्था देखिँदैन । यसलाई अर्थव्यवस्थामा आएको गम्भीर विचलन मान्न सकिन्छ ।

यसैगरी सरकारको राजस्व परिचालन असन्तुलन हुँदै जाने हो भने बजेट घाटा न्यून गर्न सरकारलाई थप साधन आवश्यक पर्छ । त्यसैले बेलैमा राजस्व परिचालनलाई बढी वैज्ञानिक, पारदर्शी, न्यायिक र लगानीमैत्री बनाउनु आवश्यक छ । किनभने अहिले ऋण काढेर खर्च गरे पनि भविष्यमा सरकारले त्यसको साँवाब्याज फिर्ता गर्नैपर्छ र त्यसको स्रोत पनि राजस्व नै हो । त्यसैले यस्तो चुनौतीको सम्बोधन गर्न उत्पादनका नयाँ क्षेत्रहरूको खोजी गर्ने र नागरिक र संघसंस्थाको हैसियत एवं क्षमताअनुसार कर संकलन गर्ने प्रणालीको विकास गर्नु आवश्यक छ ।

कोभिड–१९ को प्रभावसँगै विश्व अर्थव्यवस्थामा देखिएको विचलनले वैदेशिक सहयोग वा अनुदानमा समेत कमी भएको छ । एकातिर राजस्वमा कमी र अर्कातिर वैदेशिक सहयोग र अनुदान पनि घट्दै जानुले सरकारलाई सार्वजनिक खर्च व्यवस्थापनमा समस्या आउने देखिएको छ । सरकारसँग विकासका लागि खर्च गर्ने रकम छैन भने पुरानो ऋणको साँवाब्याज तिर्न पनि थप ऋण लिनुपर्ने अवस्था छ । अर्थशास्त्रमा यस्तो अवस्थालाई ऋणको पासो भनिन्छ, जसलाई अर्थतन्त्र टाट पल्टिनुको एक संकेत मान्न सकिन्छ ।

मुलुकमा संघीय प्रणालीको कार्यान्वयनसँगै थप बजेटको आवश्यकता बढ्दै गएको छ । तर, बजेटमाथिको चाप अत्यधिक बढेअनुसार राजस्व बढ्न नसकेपछि बजेट घाटा र ऋणको दायित्व बढ्दै गएको छ । यस्तो चुनौतीको सामना गर्न सरकारले उत्पादनका नयाँ क्षेत्रहरूको खोजी गर्ने, राजस्वको संरचनात्मक सुधार गर्ने, चुहावट रोक्ने, करको दायरा विस्तार गर्ने र राजस्वको क्षमता वृद्धि गर्नेलगायतका कामहरू गर्नुपर्ने देखिन्छ । यसैगरी राजस्व प्रणालीलाई प्रभावकारी बनाउन कराधार विस्तार गर्नु जरूरी छ । यसका साथै प्रविधिमा आधारित कर प्रणालीको विकास गर्ने तथा आर्थिक अनुशासन र नैतिकताको विकास गर्नु आवश्यक छ ।

खुला सिमानालगायतका कारणबाट चोरी–निकासी/पैठारीलाई नियन्त्रण गर्ने, व्यापार विचलन र भ्रष्टाचार नियन्त्रण गर्ने र आर्थिक अनुशासनका साथै राजस्व चुहावट नियन्त्रणका लागि प्रभावकारी प्रयासहरू आवश्यक छ । संरचनात्मक दृष्टिले हेर्ने हो भने राज्यको कुल कर राजस्वमा प्रत्यक्ष करको योगदान २६ प्रतिशतको हाराहारीमा रहिआएको छ, त्यसमध्ये पनि विगत पाँच वर्षको तथ्यांक हेर्ने हो भने संस्थागत आय तथा मुनाफा करले औसतमा ५० प्रतिशतजति अंश ओगटेको देखिन्छ । यसले अर्थतन्त्रको न्यून आकार, न्यून लगानी र न्यून आयको संकेत गर्छ । अर्थतन्त्रको विप्रेषणमाथिको उच्च निर्भरता छ । विप्रेषण आय पनि उपभोगमै खर्च हुने भएकाले आयात बढ्दै गएको छ, जसले गर्दा व्यापारघाटा कुल गार्हस्थ्य उत्पादनको ३७ प्रतिशत पुगेको छ । फलस्वरूप करको ठूलो हिस्सा उपभोग तथा आयातबाट प्राप्त हुने अवस्थाले राजस्व संरचनामा अप्रत्यक्ष करको योगदान उच्च हुन गएको छ । यसरी राजस्वमा विशेष गरी प्रत्यक्ष कर परिचालनको धरातल कमजोर देखिएको छ, जुन राजस्व परिचालनका दृष्टिले चुनौतीपूर्ण अवस्था हो । रसिया–युक्रेन युद्ध तथा कोभिड–१९ को प्रभावका कारण मूल्यवृद्धि बढ्दै गएको र बजारमा माग घट्दै जाँदा उद्योगको उत्पादनसमेत खस्कँदै गएकाले राजस्व परिचालनको काम झनै जटिल बन्दै गएको छ ।

त्यसैले उद्योग, व्यवसाय र नागरिकको दैनिकी जोगाएर मात्र राजस्व उठाउनुपर्ने करको मर्मलाई सरकारले ध्यान दिन पनि उत्तिकै आवश्यक छ । कर व्यवस्थालाई अझ वैज्ञानिक बनाउन करको आधार, करको दर, करको संख्या, कर संकलन पद्धति तथा तरिका र कर प्रशासनका विविध आयामलाई सरल, सहज र सुगम बनाउँदै प्रविधिको डिजिटाइजेसनलाई प्रोत्साहन गर्नु आवश्यक छ । यसका साथै राजस्व नीतिको अवधारणा, उद्देश्य, लक्ष्य र महत्त्व तथा अर्थतन्त्र एवं जनताले पाउने सेवासुविधामा पर्ने सकारात्मक र प्रतिकूल प्रभावलाई ख्याल गरेर लगाइएको कर मात्र उत्पादक, दिगो र करदातामैत्री हुने कुरालाई सबै तहका सरकारले बुझ्नुपर्छ ।

जसरी आकाशको वायुले एक ठाउँको समुद्रबाट जलवाष्प बोकेर अर्को ठाउँमा वर्षा गराउँछ, त्यसरी नै राज्यले साधनस्रोत उपलब्ध हुने व्यक्ति तथा संस्थाबाट विवेकपूर्ण तथा न्यायसंगत तरिकाले कर उठाएर अत्यावश्यक क्षेत्रमा लगानी गर्दै पुनः आम्दानी वृद्धिमार्फत राजस्व वृद्धि गराउन सक्छ । त्यसैले करको दरमा पुनर्मूल्यांकन गर्दै करको दायरा बढाई कर प्रणाली सहज र प्रभावकारी बनाउनतर्फ केन्द्रित हुनुपर्छ । सरकारले करबाट राजस्व बढाउने नाउँमा उत्पादनमूलक क्षेत्रलाई हतोत्साहित गर्नु हुँदैन ।

साथै, आय असमानता कम गर्नुपर्ने कुरालाई पनि ध्यान दिनु जरूरी हुन्छ । अनुत्पादक खर्च कटौती गर्ने, पुँजीगत खर्चमा जोड दिने, वित्तीय क्षेत्रले पनि उत्पादनमूलक लगानीलाई प्रोत्साहन गर्ने तथा विप्रेषण आयलाई उद्यमशीलतासँग जोड्न सके मुलुकको राजस्व परिचालन पनि दिगो हुन गई सार्वजनिक राजस्व परिचालन बलियो बन्न सक्छ । त्यसैले सरकारले अल्पकालीनभन्दा पनि दीर्घकालीन आर्थिक सन्तुलनमा विशेष जोड दिनुपर्छ ।

# पेटमा कसरी जुका पर्छ ?

पेटमा जुका पर्दा धेरै हैरानी खेप्नुपर्ने हुन्छ । जुकाका कारण पेट दुख्ने, पखाला लाग्ने, अपच हुने, बान्ता हुनेजस्ता समस्या देखिन्छ । यसले धेरैजसो बच्चा र वृद्ध उमेरका व्यक्तिलाई प्रभाव पार्छ । यद्यपि वयस्कहरूलाई पनि जुकाले नसताउने होइन ।

जुकाका प्रकार धेरै हुन्छन्, राउन्ड वर्मस, थ्रेड वर्मस, टेप वर्मस, पिन वर्मस, हुक वर्मस र जिआर्डिया । जुका लागेको लामो समयसम्म उपचार नगर्दा एनिमिया, कुपोषणका साथै छारेरोग समेत लाग्ने सम्भावना हुन्छ ।

### पेटमा कसरी जुका पर्छ ?

जुका जनावरहरूको दिसामार्फत मुख वा छालाको माध्यमबाट सर्छ । जथाभावी दिसा बस्दा जुकाको फुल जतातत‍ै फैलिएर सागपात, माटो, पानीको माध्यमबाट शरीरभित्र प्रवेश गर्छ । त्यस्तै फोहोर हात, झिंगा र जनावरहरूले दूषित पारेको खानेकुरा खाँदा खानाको माध्यमबाट पनि जुकाको फूल मानिसको आन्द्रामा पुग्छ ।

यसैगरी दूषित पानी, फोहोर नङ टोक्ने बानी, हात नधोइकन खानेकुरा खाँदा, भुईंमा झरेको खानेकुरा टिपेर खाँदा, राम्ररी नपाकेको मासु खाँदा, फलफूल, सलाद नपखाली खाने गर्दा पनि जुका पर्ने जोखिम हुन्छ ।

बालबालिका र ज्येष्ठ नागरिकले सरसफाइमा आफैं ध्यान दिन नसक्ने हुँदा उनीहरूलाई जुका पर्ने सम्भावना बढी हुन्छ ।

कतिपयमा बंगुरको मासु खायो भने जुका पर्छ भन्ने भ्रम छ । तर बंगुरको मासु खाएर होइन, बंगुरको दिसामा चाहिं जुकाका अण्डा हुन सक्छ । त्यसको सम्पर्कमा पुग्दा जुका पर्ने हुन्छ ।

### जुका पर्दा देखिने लक्षण

जुका पर्दा पेट दुख्ने, पखाला लाग्ने, अपच हुने, वाकवाक लाग्ने, बान्ता हुने, ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, वजन घट्ने, मलद्वार चिलाउने, आँखाको वरिपरि कालो घेरा पर्ने समस्या देखिन्छ ।

यसैगरी धेरै भोक लाग्ने, पेट ठूलो हुने, पेट कडा हुने, निद्रामा दाँत किटकिटाउने, निद्रामै ओछ्यानमा निद्रामा बेचैनी हुने, जीउ भारी हुने, हातखुट्टा चिसो भइरहने, चिडचिडापन आउने, जिद्दिपन हुने लक्षण पनि जुका पर्दा देखिन्छ ।

जुका धेरै हुँदा दिसामार्फत मात्र होइन कहिलेकाहीं मुखबाट समेत निस्किन सक्छ ।

### पेटमा जुका फैलिने पनि हुन्छ ?

जुकाको फुल मानिसको शरीरमा प्रवेश गरेर जुकाको पूर्ण विकास हुन्छ र त्यसले आन्द्रामै लाखौं संख्यामा फुल पार्छ । पेटभित्र जुकाको उत्पत्ति हुने गर्छ ।

### जटिल समस्या निम्तिन सक्छ ?

जुकाको प्रजातिअनुसार उनीहरूले गर्ने असर पनि फरक–फरक हुन्छ । जुकाले कलेजो, आन्द्रा, मस्तिष्क, मासु, पेट र रगत चुस्ने खालका जुका हुन्छन् । जस्तै, हुकवार्म जसले रगत चुस्ने गर्छ, नाम्ले जुकाले दिमागमा असर गर्ने गर्छ ।

### पेटमा नाम्ले जुका कसरी पर्छ ?

नाम्ले जुका बंगुरको मासु खाएको हुन्छ भन्ने गरिन्छ जुन गलत हो । मासु खाएर हुने होइन, बंगुरको दिसामा चाहिं नाम्ले जुकाको अण्डा हुने गर्छ । केही कारणवश शरीरभित्र प्रवेश गरेमा पेटभित्र जुका पर्ने गर्छ ।

### औषधि खाएपछि निको हुन्छ

जुका परेको समस्या सामान्यतया औषधि खाएर नै निको हुन्छ । जुकाले कुन अंगमा असर गरेको त्यसमा पनि भरपर्ने हुन्छ । जस्तै, नाम्ले जुका परेर दिमागमा पुगेको छ भने शल्यक्रिया समेत गर्नुपर्ने हुन सक्छ । हुकवार्म छालाबाट सर्ने गर्छ ।

### जुका पर्नबाट बच्ने उपाय

खानेपानी उमालेर वा फिल्टर गरेर मात्र खाने, खाना खानु अगाडि साबुनपानीले हात राम्ररी धुने, भुईंमा झरेको खाना नखाने, हातको नङ समय–समयमा काट्ने, जहाँ पायो त्यहीं दिसापिसाब नगर्ने, भान्साकोठाको सफाइमा ध्यान दिने, झिंगाबाट खाद्य तथा पेय पदार्थ बचाउनुपर्छ । परिवारमा कसैलाई जुका परेमा सबैलाई उपचार गराउने, बच्चाको मुखमा औंला हाल्ने बानी छ भने छुटाउनुपर्छ । ६–६ महिनामा जुकाको औषधि खाँदा राम्रो हुन्छ ।

# रोगले नि हात दुख्छ ?

जुनसुकै कामका लागि पनि हातको भूमिका महत्वपूर्ण हुन्छ । धेरै काम गर्ने भएकाले अन्य अंगको तुलनामा हातमा दुखाइ पनि बढी हुने गर्छ । लामो समय मोबाइल चलाउँदा, कम्प्युटरमा काम गर्दा होस् वा सवारीसाधन चलाउँदा, लुगा धुँदा, भान्साको काम गर्दा हात दुख्ने समस्या धेरै हुन्छ ।

विभिन्न रोग वा चोटपटकका कारण पनि हात दुख्छ । नसा च्यापिएर, ट्युमर भएमा, बाथरोग, युरिक एसिड बढेमा, हड्डी खिइएमा हात दुख्ने गर्छ । त्यस्तै क्याल्सियम र भिटामिन डीको कमीले पनि हा दुख्छ ।

### हात दुखाइका लक्षण

हात दुख्दा रोग र अवस्थाअनुसार फरक–फरक लक्षण देखिन्छन् ।

नसा च्यापिएमा : घाँटीदेखि हातसम्म पूरै दुख्ने, हात झर्लाजस्तो हुने, हातको औंलाको टुप्पोमा आगोले पोलेजस्तो महसुस हुने, हात झमझम हुने हुन्छ ।

बाथ रोग : हातको जोर्नी लगातार दुख्ने, बिहान उठ्नेबित्तिकै हात साह्रो हुने, चलाउन गाह्रो हुने हुन्छ ।

हातको हड्डी वा मांसपेशीमा ट्युमर पलाएमा : लगातार सहन नसक्ने गरी दुख्ने, हातमा मासुको फोका वा पानीको डल्लोजस्तो देखिने हुन्छ । हात लाटोजस्तो हुन्छ ।

### उपचार र रोकथाम

हात दुख्ने समस्याको उपचार गर्दा सबैभन्दा पहिले त यसको कारण पत्ता लगाउनुपर्छ । यदि कामको भारले दुखेको भए समय–समयमा हातलाई विश्राम दिंदै काम गर्ने, युरिक एसिडको कारणले हो भने खानपानमा ध्यान दिने, भिटामिन डीको कमीले भएमा घाम ताप्ने वा भिटामिन डीयुक्त खानेकुरा खाने गर्नुपर्छ । यस्तो बेला भिटामिन डीको सप्लिमेन्ट समेत खानुपर्ने हुन सक्छ । बाथ रोगका कारण हात दुखेको भए चिकित्सकको सल्लाहअनुसार औषधि, खानपान र व्यायाम गर्नुपर्छ ।

# गर्मीयाममा ठेउला: कसरी बच्ने ?



गर्मीयामसँगै पछिल्लो समय ठेउलाको संक्रमण बढ्न थालेको छ । खासगरी ठेउलाले साना बालबालिकालाई दुःख दिन्छ । त्यसबाहेक वृद्धवृद्धा र शरीर कमजोर भएका वयस्कलाई पनि यसले सताउँछ ।

परिवारको कोही सदस्यमा ठेउला देखिएमा अरूलाई सर्ने सम्भावना उच्च हुन्छ । त्यसैले ठेउलाको संक्रमण भएमा विशेष सावधानी अपनाउनुपर्छ ।

### ठेउला कस्तो रोग ?

ठेउला एक प्रकारको संक्रामक रोग हो । भेरिसेला जोस्टर भाइरस नामको जीवाणुको संक्रमणबाट ठेउला देखिन्छ । एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्ने भएकोले यसलाई अत्यधिक संक्रामक रोग गरिन्छ । सुरूमा छालामा मसिना बिबिरा देखिन्छ र बिस्तारै शरीरका सबै भागमा फैलिने गर्छ । र, ठेउला आएको व्यक्तिबाट अर्को व्यक्तिमा वरपरको हावा, लत्ताकपडा, हाछ्युँ र खोकीको माध्यमबाट सजिलै सर्न सक्ने हुँदा उनीहरू आइसोलेसन बस्नु पर्छ ।

गर्मी मौसममा भेरिसेला जोस्टर भाइरस सक्रिय हुन्छ । यस समय तातो हावापानी, अन्य समयभन्दा मानिसको जमघट बढी हुने भएकाले ठेउलाको संक्रमण बढी देखिन्छ ।

### कारण

रोगप्रतिरोधात्मक क्षमता कम हुने व्यक्ति ठेउलाबाट बढी प्रभावित हुन्छन् । प्रायःजसो १० वर्षमुनिका बालबालिकामा यो रोग देखिने गर्छ । त्यसबाहेक गर्भवती महिला र उमेर बढ्दै गएपछि वृद्धहरूमा पनि देखिने सम्भावना हुन्छ ।

### ठेउलाका लक्षण

छाती, ढाड हुँदै शरीरको पूरै भागमा पानी फोकाजस्तो स्वरूप भएको बिबिरा फैलिनु, बिमिरा निस्किएको ठाउँमा चिलाउनु, पोल्नु र बिस्तारै फुटेर स–साना घाउ बन्नुजस्ता लक्षण देखिन्छ । त्यसैगरी सामान्य ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्नु, जीउ भारी हुनु, भोक नलाग्नु पनि यसको लक्षण देखा पर्छ । ठेउला भएको १० देखि २१ दिनभित्र यसका लक्षण अत्यधिक रूपमा देखा पर्छन् ।

### जटिलता

ठेउला जति छिटो उपचार त्यति छिटो निको हुन सक्ने रोग हो । उपचार ढिला हुँदा थुप्रै जटिलता देखिन सक्छ । जस्तै, यसले निमोनिया, स्नायु प्रणालीमा संक्रमण गराउने, सेप्सिसको समस्या गराउने गर्छ । त्यस्तै, बिमिरा निस्किएको छालामा जीवाणुको संक्रमण पनि गराउन सक्छ ।

### उपचार

यदि बालबालिकामा देखिए बालरोग विशेषज्ञ, वयस्क र वृद्धमा देखिए जनरल फिजिसियनलाई देखाउनु उपयुक्त हुन्छ । यसको लागि विशेष उपचार हुँदैन । चिकित्सकको सल्लाहमा झोलिलो खानेकुरा सेवन गर्ने, लक्षणअनुसार अवस्था हेरेर एन्टिभाइरल औषधि प्रयोग गर्नुपर्छ । पर्याप्त आराम गर्ने, सरसफाइमा ध्यान दिने, ठेउला भएको व्यक्ति केही दिन आइसोलेसनमा बस्ने गर्नुपर्छ । ताकि सजिलै सर्ने यो रोगले सार्वजनिक स्थलमा जाँदा अरूलाई सर्न नसकोस् । त्यस्तै फोका आएको भागमा चलाउन सक्छ, त्यसको लागि चिकित्सकको निर्देशनअनुसार औषधि लगाउने गर्न सकिन्छ ।

### कसरी बच्ने ?

सरसफाइमा ध्यान दिने, प्रतिरोधात्मक क्षमता बलियो बनाउन पौष्टिक आहार खाने, ठेउलाविरूद्ध खोप लगाउने गरे ठेउलाबाट बच्न सकिन्छ ।






# सुन्दरीदेवीका शिक्षकलाई रचनात्मक सिकाइ कार्यशाला गोष्ठी



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको वडा नम्बर ७ मा रहेको सुन्दरीदेवी माविमा शिक्षकहरूका लागि रचनात्मक सिकाइ सम्बन्धी दुईदिने कार्यशाला गोष्ठी भएको छ । २४ जना शिक्षकहरूको सहभागीता रहेको कार्यशालामा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको हो ।

बागमती प्रदेश सरकार प्रदेश शिक्षा विकास निर्देशनालयको शैक्षिक सुधार प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत गोष्ठी भएको हो । नयाँ शैक्षिक सत्र २०८० को प्ररम्भमै भएको कार्यशाला गोष्ठीमा सिकाइ समुहका प्रबन्धक निर्देशक सुदर्शन घिमिरे र प्रशिक्षक संजय अधिकारीले विद्यालयका शिक्षकहरू सामू श्रीजनशील शिक्षणको लागि रचनात्मक शिक्षणकला विषयमा प्रस्तुतीकरण गरेका थिए । विद्यार्थीहरूलाई प्रभावकारी ढंगले सिकाउने विधिबारे चर्चा गर्दै सहजकर्ताहरूले अहिलेको शिक्षा प्रविधिमैत्री र बालमैत्री पनि हुनुपर्ने बताए । प्रभावकारी शिक्षणको लागि शिक्षक मात्र नभई कक्षा कोठाको व्यवस्थापनले पनि महत्वपूर्ण भूमिका खेल्ने र त्यसमा कक्षा कोठाको उपयुक्त सजावट, बसाइको सही व्यवस्थापन, शैक्षिक सामग्रीको अधिकतम प्रयोग, शिक्षकको व्यवहार कुशल सीपलगायतका कुराहरूले प्रभाव पार्ने बताए । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बिर्जुलाल थिङको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहानगर शिक्षा शाखाका प्रमुख माधव बिक्रम मल्लको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यशाला गोष्ठीले विद्यालयका शिक्षकहरूलाई सिर्जनशील शिक्षण, प्रभावकारी प्रस्तुतीकरण र विद्यार्थीप्रति जिम्मेवार बन्न आफूहरूलाई निक्कै सहयोग गरेको अनुभव शिक्षकहरूले सुनाएका थिए । उनीहरूले कार्यशालामा सिकेका कुराहरूलाई व्यवहारमा उतार्ने प्रतिवद्धता जनाएका छन् ।

# हेटौंडा उपमहानगर नीति, कार्यक्रम र बजेट निर्माणमा जुट्यो

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि नीति तथा कार्यक्रम र बजेट निर्माणमा तयारी अघि बढाएको छ । नीति तथा कार्यक्रम र बजेट तयार गर्नुअघि जिल्लास्थित राजनीतिक दलहरूसँग सुझाव संकलनका लागि छलफल गरिएको छ ।

उपमहानगर नेतृत्वले दलहरूसँग नीति तथा कार्यक्रम र बजेटमा समेट्नुपर्ने महत्वपूर्ण विषय, प्राथमिकताका कार्यक्रम र आवश्यकतालाई मध्यनजर गर्दै सुझाव मागेको छ । सम्भवतः उपमहानगरले बजेट निर्माणको पूर्वसन्ध्यामा पहिलो पटक दलहरूसँग सुझाव मागेको हो । यसअघिका जनप्रतिनिधिले आफ्नो ढंगबाट बजेट बनाउँदै आइरहेको अवस्थामा विकासको सवालदेखि बजेटमा सुझाव माग्ने काम भएका पाइएको छ । १ जेठमा भएको छलफलमा हेटौंडा उपमहानगरकी प्रमुख मीनाकुमारी लामाले नगर बनाउने कुरामा हातेमालो गर्न आग्रह गरेकी छन् । विकासका काममा सबै लागिरहेको छ भन्ने सन्देश दिनका लागि पनि आवश्यक समन्वय र सहकार्य खोजेको लामाले बताइन् । बजेट निर्माणमा तीनै तहको सरकारदेखि जिल्लाका पालिकाबीच पनि सहकार्य र अपनत्व रहनुपर्नेमा जोड दिइन् । १० असारभित्र नीति तथा कार्यक्रम ल्याउने तयारीमा जुटेको लामाले जानकारी दिएकी छन् । हेटौंडाको मुहार परिवर्तन भएको देखिएन भन्ने गुनासो जनस्तरबाटै आएकाले आवश्यकता र प्राथमिकताका आधारमा बजेट निर्माण गर्नुपर्ने उनले बताइन् ।

हेटौंडाको मुख्य सडक दायाँबायाँ २५/२५ मिटर सडक बिस्तारमा पनि दलहरूबीच एकरूपता आवश्यक रहेको लामाले उल्लेख गरेकी छन् । उनले नगरको सुन्दरताका लागि पनि न्यायोचित ढंगबाट सडक बिस्तार गर्नुपर्ने आवश्यक रहेको र त्यसका लागि साथ र समर्थन गर्न दलहरूसँग आग्रह गरिन् । लामाले प्रदेश राजधानी स्थायित्वको लागि प्रादेशिक संरचना निर्माणका लागि आवश्यक पर्ने जग्गा २०० विगाह प्रदेश सरकारलाई उपलब्ध गराउन सहकार्य गरेको जानकारी गराएकी छन् ।





छलफलमा सहभागी दलहरूले पनि नगरको मुहार फेरिने गरी बजेट निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । नेकपा एमाले मकवानपुरका अध्यक्ष तथा प्रदेश सांसद् एकालाल श्रेष्ठले आर्थिक परिस्थिति संकटपूर्ण रहेको भन्दै उपमहानगरमा राजश्व श्रोतको दायरा बढाउने गरी खोजी गर्न सुझाव दिए । कालोपत्रे सडक निर्माणमा जोड दिन उनले आग्रह गरे । नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले गौरबको योजना बनाउन जोड दिए ।

पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने धारणा राख्दै लामाले आन्तरिक राजस्व वृद्धि, सार्वजनिक जमिन उपभोगमा कर लगाउनु पर्ने, मासु ऐन र सार्वजनिक शौचालय निर्माणमा ध्यान दिन जरूरी रहेको लामाले बताए । नेकपा एमालेका नेता तथा निवर्तमान जनप्रतिनिधि राजन थापाले स्ल्याव ढलानमात्र नभई पर्यापर्यटन विकासमा जोड दिनुपर्ने बताए । राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरका अध्यक्ष भरत पराजुलीले शिक्षा, स्वास्थ्य र कृषिको पाटोमा ध्यान दिन आग्रह गरे । रोजगारी सृजना गर्ने कार्यमा पनि सोच्नुपर्ने उनको भनाइ छ । हेटौंडालाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्ने पराजुलीले बताए ।

नेकपा (एकीकृत समाजवादी) मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालले गौरबको योजना बनाएर अघि बढ्न सुझाए । शिक्षाको मूल्याङ्कन गर्दै शिक्षामा अपनत्व हुने गरी योजना बनाउनुपर्ने बताए । विद्यालय मर्ज गरेर व्यस्थित बनाउन आवश्क रहेको दाहालले बताए । दलहरूले सार्वजनिक शौचालय बालमैत्री, शारीरिक अशक्तमैत्री हुनुपर्ने, पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्ने, २५ मिटर सडक विस्तार गर्नुपर्ने, अस्पतालको व्यस्थापनमा ध्यान दिनुपर्नेलगायत सुझाव दिएका छन् ।

नगरको विकासमा ल्याइने नीति तथा कार्यक्रम र बजेटमा प्राप्त सुझाव समेटेर लगिने उपमहानगरका उपमेयर राजेश बानियाँले बताए ।

# पोषण आहारका लागि थाहाको ४ नम्बर वडामा कुखुराको चल्ला वितरण





◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको राम सीता कृषि तथा पशुपंछी समुहका सदस्यहरूलाई कुखुराको चल्ला वितरण गरिएको छ ।

थाहा नगरपालिका स्वास्थ्य शाखाको पोषण आहार कार्यक्रम अन्तर्गत पशु शाखाको समन्वयमा कुखुराको चल्ला वितरण गरिएको वडा नम्बर ४ का पशु प्राविधिक रूपेश कुमार मिश्रले जानकारी दिए । समुहका १८ जना महिला सदस्यहरूलाई एक सदस्य ८ वटा कुखुराको चल्ला वितरण गरिएको हो । समुहका सदस्यहरूलाई वडा कार्यालयमा वडा अध्यक्ष नारायण लामाको आतिथ्यतामा चल्ला वितरण गरिएको थियो ।

# मनहरीको १ नम्बर वडा आफ्नै भवनमा

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिका १ नम्बर वडा कार्यालयको भवन उद्घाटन भएको छ । बागमती प्रदेश सभा सदस्य एवम् नेपाली कांग्रेसका प्रदेश सभापति इन्द्रबहादुर बानियाँले एक कार्यक्रमका बीच नवनिर्मित भवनको उद्घाटन गरेका हुन् । सो अवसरमा बानियाँले वडा कार्यालयको आफ्नै प्रशासनिक भवन निर्माण हुँदा वडाका काम कारबाही सम्पादन गर्न सहज एवम् व्यवस्थित हुने बताए ।

उनले सो भवनबाट सेवाग्राहीले सहज रूपमा सेवा प्राप्त गर्ने र भवनको पूर्ण सदुपयोग हुने विश्वास व्यक्त गरे । बानियाँले मनहरीको पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाईं, कृषि तथा पशुपालनलगायत क्षेत्रको विकासका लागि प्रदेश सरकारबाट विगतमा पनि प्राथमिकताका साथ बजेट विनियोजन भएको बताउँदै आगामी आर्थिक वर्षमा पनि प्राथमिकता दिइने बताए ।



कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेतीले गाउँपालिकाबाट भएका कार्य सम्पादन बारे जानकारी गराउँदै प्रदेश सांसद् बानियाँको पहलमा मनहरीको विकासका लागि भएका पहलका लागि धन्यवाद दिए । पर्ता मकरीमा निर्माण भएको ९ कोठे भवनमा १ करोड ३४ लाख रूपैयाँ खर्च भएको वडा अध्यक्ष शिव खनालले जानकारी दिए । यससँगै अब नवनिर्मित भवनबाट सेवा प्रवाह गरिने उनले बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरु
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# लघुउद्यम कार्यक्रमको अनुगमन गर्न उद्योग मन्त्रालयका सहसचिब नेतृत्वको टोली

◆ विकास संवाददाता



थाहा नगरपालिकामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिब यज्ञराज कोइराला नेतृत्वको टोलीले लघु उद्यम विकास कार्यक्रमको अनुगमन गरेको छ । सहसचिब कोइराला नेतृत्वमा उपसचिब प्रकाश आचार्य, उपसचिब अनुषा कोइराला, शाखा अधिकृत त्रिशान श्रेष्ठ र शाखा अधिकृत राजन पराजुली संलग्न टोलीले थाहा नगरमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)को सञ्चालन, समस्या र चुनौतिहरूका बारेमा सरोकारवालाहरूसँग छलफलसहित अनुगमन गरेको हो ।

थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, वडा नम्बर ३ का वडा अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, लघु उद्यम विकास कार्यक्रम अधिकृत कुमार नेगी, उद्यम विकास समिति सदस्य आरती श्रेष्ठ, उद्यम विकास सहजकर्ता तथा लघु उद्यमी महिलाहरूसहितको सहभागिताबीच टोलीले छलफल गरेको थियो । कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले मेड्पालाई स्थानीय सरकारले अपनत्व लिएको र उक्त कार्यक्रम प्रभावकारी रहेको बताएका थिए । उनले स्थानीयस्तरमा लघुउद्यमशीलताको विकास हुँदै गएको र कतिपय उत्पादनको बजारीकरण तथा सीप र प्रविधिको स्तरीकरणमा समस्या देखिएकोले सहयोगका लागि मन्त्रालयलाई आग्रह गरेका थिए ।

कार्यक्रममा मन्त्रालयका उपसचिब अनुषा आचार्यले विषय प्रवेश गराएपछि थाहा नगरपालिकाका उद्यम विकास कार्यक्रम अधिकृत नेगीले पालिकामा मेड्पाअन्तर्गत विगतदेखि सञ्चालन हुँदै आएका कार्यक्रम, चालु आर्थिक वर्षका गतिविधिहरू, तिनको परिणाम र प्रभाव, समस्या र चुनौतिहरूका बारेमा जानकारी गराएका थिए । त्यस्तै लघुउद्यमी महिलाहरू निरमाया बल, शान्ति श्रेष्ठ, असनी गोपाली, रेशममाया गोपाली, शान्ति तामाङ लगायतले आफूहरूले लघु उद्यम विकास कार्यक्रमअन्तर्गत् सिकेका सीप, तिनको उपयोगिता, उत्पादन र बजारको बारेमा जानकारी गराउनुका साथै केही अपेक्षाहरू पनि राखेका थिए ।

लघु उद्यमी महिला, कार्यक्रम अधिकृत, उद्यम विकास सहजकर्ता, मन्त्रालयका टोलीका सदस्यहरूसमेतको कुरा सुनिसकेपछि सम्बोधन गर्दै मन्त्रालयका औद्योगिक तथा लगानी प्रवर्धन महाशाखाका प्रमुखसमेत रहेका सहसचिब कोइरालाले थाहा नगर पालिकामा मेड्पा कार्यक्रमको प्रभावकारिता राम्रो रहेको भन्दै प्रशंसा गरेका थिए । उनले सिप विकास लिएपछि विपन्न वर्गका महिलाहरू उद्यमशीलतामा लाग्नु, त्यसबाट आयआर्जनका ढोकाहरू खुल्दै जानु, कार्यक्रमबारे लघुउद्यमी, कर्मचारी र जनप्रतिनिधिहरूबीच सहकार्य तथा बुझाइमा एकरूपता हुनु, समस्या समाधानबारे बेलाबेला अन्तरक्रया कार्यक्रम हुनु आदि सकारात्मक रहेको उल्लेख गरे ।

स्थानीय लघुउद्यमी महिलाहरूको उत्पादनलाई प्रोत्साहन गर्न नगरपालिकाले आयोजना गर्ने कार्यक्रमहरूमा आफ्नै उत्पादनलाई प्रयोग गर्नु निकै नै राम्रो कदम भएको उनको भनाइ थियो । थाहा नगरपालिकामा अल्लोको कपडा उत्पादनका लागि राम्रो सम्भावना रहेकोले यसप्रति महाशाखा सकारात्मक रहेको र कतिपय उत्पादनलाई बजारसँग जोड्ने र सीप/प्रविधिको स्तरीकरण गर्ने विषयमा महाशाखाले विचार गर्ने उनले बताए । कार्यक्रममा टोलीलाई स्थानीय महिलाहरूले उत्पादन गरेको खादा अर्पण गरिएको थियो भने टोली प्रमुख कोइरालालाई दामन अल्लो महिला उद्यमी समूहकी अध्यक्ष रेशममाया गोपालीले आफैले बुनेको अल्लोको टोपी पहिऱ्याइदिएकी थिइन् ।

थाहा नगरपालिकामा यस वर्ष उद्यमी महिलाहरूले अचार, निगालो र बाँसका हस्तकलाका सामग्री, अल्लोको कपडा, डलकुशन उत्पादन गर्दै आएका छन् । यसअघि यहाँका महिलाहरूले मखमलीको जुत्ता, होजियारी र सिस्नुको पाउडर बनाउने तालिम लिएर उत्पादन गर्दै आएका छन् । कतिपय उत्पादनहरू दामन नयाँगाउँस्थित कोशेली घरमा राखिएकोमा अनुगमन टोलीले कोशेली घरमै पुगेर महिलाहरूद्वारा निर्मित सामग्रीहरूको अवलोकन गरेको थियो । कोशेली घरको अनुगमनपछि टोलीका सदस्यहरूले कोशेली घरका कारण महिलाहरूमा उद्यमशीलतामा उत्साह थपिएको हुनुपर्ने विश्वास व्यक्त गरेका थिए ।

# विद्युत महशुल नतिर्ने ग्राहकको नामावली सार्वजनिक

◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले लामो समयसम्म विद्युत महशुल नतिर्ने ग्राहकहरूलाई कालोसूचीमा राखी नामावली सार्वजनिक गरेको छ । प्राधिकरणले तिर्न बाँकी महशुलसहित नामावली सार्वजनिक गरेको हो ।

नेपाल विद्युत प्राधिकरण संचालक समितिको २९ चैतको बैठकको निर्णय अनुसार कालोसूचीमा परेका ९७ ग्राहकको नामावली सार्वजनिक भएको हो । बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०७८/०७९ सम्म कालोसूचीमा परेका ग्राहकहरूले २०८० असार मसान्तसम्म बक्यौता र कम भूक्तानी गरेमा जरिवानासहितको कुल रकममा १० प्रतिशत छुट दिने निर्णय भएको प्राधिकरणले जनाएको छ । पालुङ वितरण केन्द्रले ग्राहकलाई बक्यौता महशुल बुझाउन अनुरोध गरेको छ ।

कालोसूचीमा रहेको ग्राहकहरूको विवरण सार्वजानिक गर्दै पालुङ वितरण केन्द्रले तत्काल बक्यौता नबुझाए कानुन अनुसार कार्बाही अगाडी बढाउने पालुङ वितरण केन्द्र प्रमुख विरमान रास्कोटीले बताए ।

पालुङ वितरण केन्द्रले चालु आर्थिक वर्षमा मात्र कालोसूचीमा परेका १० ग्राहकबाट २ लाख ७३ हजार ५ सय ६५ रूपैया असुल गरिसकेको पालुङ वितरण केन्द्रका लेखा प्रमुख सुमन शिबाकोटीले बताए । पालुङ वितरण केन्द्र अन्तर्गत करिब एक करोड कालोसूचीमा रहेका ग्राहकको बक्यौता छ । यस मध्ये हाल संचालनमा नरहेको नेपाल रोप-वेको नाममा मात्र ७३ लाख ७४ हजार बक्यौता छ ।

# थाहानगरका २ सय २ परिवार अझै कुवाकै पानी खान बाध्य

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका २ सय २ परिवारले अझै पनि कुवाकै पानी पिउने गरेको तथ्याङ्क सार्वजनिक भएको छ । राष्ट्रिय जनगणनाको अन्तिम प्रतिवेदनमा नगरका ४६ परिवारले छोपिएको कुवा र १ सय ५६ परिवारले नछोपिएको कुवाको पानी खाने गरेको तथ्याङ्क छ ।

थाहाको २ नम्बर वडामा सबैभन्दा बढि ५० परिवारले कुवाको पानीलाई खानेपानीको रूपमा प्रयोग गरिरहेको तथ्याङ्क रहेको छ । त्यसपछि वडा नम्बर ८ मा ४४ परिवार कुवाकै भरमा छन् । सबैभन्दा कम वडा नम्बर १ मा २ परिवार मात्र कुवाको पानी पिउने गरेको राष्ट्रिय तथ्याङ्क छ ।

थाहानगरका ९ हजार ७४९ परिवार मध्ये ३ हजार २३७ परिवारको घरभित्रै धारा रहेको तथ्याङ्कमा उल्लो छ भने ५ हजार ६५ परिवारको घर बाहिर धारा र हेको छ ।

त्यस्तै ५० परिवारले ट्युबवेलको पानी पिउँछन्, १ हजार १४० परिवारले मुलको पानी, ४८ परिवारले खोलाको, ४ परिवारले बोत्तल वा जारको र अन्य ३ परिवारले विविध स्रोतहरू प्रयोग गरी खानेपानी पिउने गरेको तथ्याङ्क रहेको छ ।

# 'सीपलाई व्यवहारमा उतारे स्वरोजगार भइन्छ'–थाहानगर प्रमुख विष्ट

◆ विकास संवाददाता



हरेक मानिस भित्र रहेको सीपलाई व्यवहारमा उतार्न सके आत्मनिर्भर र स्वरोजागरको अवस्था सिर्जना हुने थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले बताएका छन् । थाहानगरको थानाबजारमा घरेलु तथा साना उद्योग कार्यालय हेटौंडाको आयोजना तथा थाहा नगरपालिकाको कार्यालय र थाहानगर उद्योग वाणिज्य संघको समन्वयमा आयोजना गरेको तीन महिने सिलाई कटाई तालिमको समापन समारोहमा नगर प्रमुख बिष्टले यस्तो बताएका हुन् ।

नगर प्रमुख विष्टले हातमा सीप भए कोहि पनि मानिस बेरोजगार बस्नु नपर्ने उल्लेख गरे । उनले तालिममा सिकेको सीपलाई व्यवहारमा उतारेर सहभागीहरूलाई आत्मनिर्भर र स्वरोजगार बन्न आग्रह गरे । कार्यक्रममा उनले सहभागीहरूलाई प्रमाणपत्रलाई राख्ने मात्रै गरियो भने समयको मात्र बर्बाद हुने भएकाले सीपलाई अब हरेक महिलाहरूले व्यवहारमा उतार्न सुझाव दिए । थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानले तीन महिनासम्म सिकेको सिपलाई जीवनमा लागु गर्न आग्रह गरे । मानिसलाई सिपले स्वरोजगार बनाउने बताउँदै श्रम र सिपले आयआर्जन गर्न सकिने भएकाले सिप हुने मानिस जहिले पनि समाजमा सम्मानित हुने बताए ।

थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज खत्रीले स्थानियहरूको माग अनुसार तालिम दिएकाले आफुले सिकेको सिपलाई व्यवहारमा उतार्दै व्यवासायिक बन्न आग्रह गरे । खत्रीले थाहानगर उद्योग वाणिज्य संघले आगमी दिनमा थप सिप विकासमा सहयोग गर्ने समेत प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा प्रशिक्षक आरती श्रेष्ठले सिलाई कटाई तालिमबाट दक्ष जनशक्ति उत्पादन गर्ने हिसाबले तालिम प्रदान गरीएको बताउदै तालिमले महिला दिदिबहिनीहरूलाई स्वरोजगार, आत्मनिर्भर बन्न र आर्थिक उपार्जनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने बताइन् ।

कार्यक्रमको अध्यक्ष समेत रहेकी घरेलु तथा साना उद्योग कार्यालय हेटौंडाका प्रमुख टीका शर्माले उपस्थित महिलाहरूलाई निर्वाहमुखी सिप सिक्न अग्रसर हुन आग्रह गर्दै महिलाको जीवनस्तर अभिवृद्दि गर्न आउँदो दिनहरूमा यस्तै कार्यक्रमहरू संचालन गर्न आँफुले पहल गर्ने बताइन् । द्दरेलु तथा साना उद्योग कार्यालय हेटौंडाका प्रमुख टीका शर्माको अध्यक्षतामा भएको कार्यक्रममा थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधान, घरेलु कार्यालयका कर्मचारीहरूलगायतका उपस्थिती रहेको थियो । तालीममा १७ जना महिलाको सहभागीता रहेको थियो भने समापनको अवसरमा सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।


समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा



जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# औद्योगिक व्यापार महोत्सवको आयव्यय विवरण सार्वजनिक

◆ विकास संवाददाता

मकवानपुर उद्योग वाणिज्य संघले २०७९ माघ ११ गतेदेखि २३ गतेसम्म हेटौंडा-१०, टिसिएनचौरमा आयोजना गरेको १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सवको आयब्यय बिवरण सार्वजनिक गरेको छ । संघले शुक्रबार पल्पसा सदनमा पत्रकार सम्मेलन गरी मेलाको आयब्यय विवरण सार्वजनिक गरेको हो । मेलामा व्यवसायको विस्तार, सम्भावित ग्राहकसँग छलफल, नयाँ वस्तु एवम् सेवाको प्रवर्द्धन, नयां उद्यमीलाई प्रोत्साहित गर्ने र समग्रमा उद्योग तथा व्यापारमार्फत आर्थिक, सामाजिक तथा पर्यटकीय विकासमा मद्दत पुगेको बताइएको छ । संघले यसपटक महोत्सवबाट टिडिएस, भ्याट, आय करलगायतबाट १९ लाख रूपैयाँ राज्यलाई राजश्व बापत बुझाएको छ । महोत्सवमा केही स्टलहरू नि:शुल्क, केही न्यून शुल्क र केही स्टलहरू सहुलियत दरमा उपलब्ध गराएको संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले बताए ।

महोत्सवबाट कुल एक करोड २१ लाख ४९ हजार पाच सय ७६ रूपैयाँ आम्दानी भएको र एक करोड १३ लाख ९८ हजार सात सय ७६ रूपैयाँ खर्च भएको अध्यक्ष अग्रवालले जानकारी दिएका छन् । सात लाख ५० हजार आठ सय रूपैयाँ संघले मेला आयोजना गरेर आम्दानी भएको बताएको छ । प्रायोजकबाट ३२ लाख ८० हजार रूपैयाँ जिन्सीसमेत गरी प्राप्त हुन बाँकी रहेको पत्रकार सम्मेलनमा बताइएको छ ।

# थाहानगरका किसान विद्यार्थीलाई तालिम

◆ विकास संवाददाता

मकवानपुरको थाहानगर स्थित जनकल्याण माध्यमिक विद्यालयले विद्यार्थी र स्थानीय किसानलाई अर्गानिक खेतीतर्फ आकर्षित गर्न जैविक मल बनाउन गड्यौला मल उत्पादन र प्रयोग सम्बन्धि ४ दिने कार्यशाला गोष्ठी शुरू भएको छ ।

किसानले खेती गर्ने समयमा मल खरिद गर्न समेत नपाएर समस्या व्यहोर्नुपरेकाले थाहा नगरपालिका कृषि विकास शाखाको आर्थिक सहयोगमा ५ जेठबाट तालिम शुरू भएको हो । विद्यालयले जैविक मल गड्यौला मल उत्पादन गरी खेतीमा उत्पादन बढाउन प्रोत्साहन गर्ने उद्देश्यले सो तालिमको आयोजना गरेको विद्यालयका अध्यक्ष राजिव कुमार स्याङ्तानले बताए ।

तालिमको उद्घाटन गर्दै थाहा नगर पालिकाका उपप्रमुख भरत गोपालीले किसानको पक्षमा थाहानगरले नवीनतम योजना बनाएर अघि बढिरहेको बताए । 'कृषि क्षेत्रको विकासको निम्ति प्राङ्गारिक, जैविक र गड्यौला मल उत्पादन गर्न यो आर्थिक बर्ष बजेटको व्यवस्थापन गरेका छौं'-उपप्रमुख गोपालीले भने । कृषि कार्यमा नै निर्भर रहेका किसानलाई उत्पादनमा व्यवसायीकरण गर्न नसकिरहेको अवस्थामा अब त्यसलाई व्यवसायीकरण गर्दै उत्पादनमा जोड दिने विषयमा पालिकाले योजना बनाएर अघि बढिसकेको उपप्रमुख भरत गोपालीको भनाइ थियो । अहिले स्थानीयस्तरमा नै उत्पादन भएका शुद्ध कृषि उपज पाउन गाह्रो भइरहेको अवस्थामा स्वस्थ जीवन बाँच्न आवश्यक अर्गानिक कृषि उत्पादनमा जोड दिन यस्ता तालिमको आवश्यकता रहेको प्रशिक्षक डाक्टर उत्तम खनालले बताए । कृषि बिषय समेत अध्यापन हुने विद्यालयका विद्यार्थी, कृषि समुहका सदस्यहरू, नगरमा कार्यरत कृषि प्राविधिकहरू समेत ६० जनाको सहभागिता रहेको तालिममा सैद्धान्तिक तथा प्रयोगात्मक रूपमा गड्यौलाको मल उत्पादन गर्ने विधि सिकाइने आयोजक विद्यालयका शिक्षक मनोज रायमाझीले जानकारी दिए ।

## टिष्टुङमा दुई खानेपानी .... . .

८० लाख र स्थानीय उपभोक्ताले ५६ लाख बराबरको श्रमदान जुटाएका छन् । कुल १ करोड ८१ लाख कुल लागत रहेको योजनाको काम सकिएको छ । उपभोक्ताहरूले प्रतिवद्धताको साथ काम गरेकोले योजना सम्पन्न भइ घरघरमा धारा पुऱ्याउन सफल भएको वडा कार्यालयले जनाएको छ । यस आयोजनामा उपभोक्ताहरूले कार्यालय भवन समेत बनाएका छन् । उनीहरूले खानेपानी सेवालाई व्यवस्थित गर्न इस्टिमेट बाहेकको श्रमदान गरी भुईतले कार्यालय भवन निर्माण गरेका हुन् । भवनको लागत करिब २० लाख रहेको छ । खानेपानी आयोजना सम्पन्न भई घरघरमा पानी थाप्न पाएपछि स्थानीय ठूली स्याङ्तानले खुशी व्यक्त गरिन् । 'टाढाबाट बोकेर पानी खाइन्थ्यो, अब घरमै धारामा थापेर खान्छु'- स्याङ्तानले हर्षित हुँदै भनिन् । उनले यस आयोजना सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिइन् ।

थाहानगरको ११ नम्बर वडामा निर्माण सकिएको दुवै खानेपानी आयोजना शुल्कमा आधारित बनाई यसको दीगोपना दिइने वडाध्यक्ष दिनेश तामाङले बताए । योजनाको ३० वैशाखमा सार्वजनिक सुनुवाई गरी आम नागरिकलाई हिसाबकिताब सार्वजनिक गरिएको र ३ जेठमा आयोजनाको उद्घाटन गरिएको हो । केही समय परीक्षणका रूपमा खानेपानी वितरणसंगै आम उपभोक्ता भेला आयोजना गरिने वडाध्यक्ष तामाङले बताए । भेलाले महशुल दर तोक्ने, आयोजना निरन्तर संचालन गर्ने लगायतका विषयमा कार्ययोजना निर्माण गरी अघि बढ्ने उनको भनाइ छ । यसका लागि उपभोक्ता, थाहा नगरपालिका र सहयोगी संस्था च्वाइस नेपालको अभिभावकत्व सँधै आवश्यक रहने तामाङको भनाइ छ ।

खानेपानी उद्घाटन कार्यक्रममा नगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली, वडाध्यक्ष दिनेश तामाङ, च्वाइस नेपालका कन्ट्री डाइरेक्टर प्रतीक शर्मा, पालुङ कार्यालयका कुल प्रसाद तिवारी, प्रताप घिमिरे, जनप्रतिनीधिहरू, स्थानीय संघसंस्थाका प्रमुख तथा प्रतिनीधिहरू, उपभोक्ताहरू लगायतकाको उल्लेख्य उपस्थिती रहेको थियो ।


## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

➢ नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
➢ भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
➢ घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
➢ समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
➢ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
➢ बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## घातक विषादीको प्रयोग नगरौं।

– विषादीको प्रयोगले क्यान्सर, मस्तिष्कसम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिंगटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरु देखिन सक्दछन् ।
– विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन् क्षमतामा समेत ह्रास आउन सक्छ ।
– विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँदछ ।
– माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ ।

*त्यसैले, उत्पादनमा हानिकारक विषादीको प्रयोग नगरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**




**थाहा नगरपालिका**


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी